## कविताजस्तै मृदुल यो जिन्दगी !

"उहिले उहिले
यहाँ
चोरहरु शासन गर्दैनथे"
(इतिहास, पृ. १०)

बर्षौं अगाडि विक्रम सुब्बाका कवि आँखाले सगरमाथालाई जताबाट हेरे पनि नाङ्गै देखेका थिए । यतिखेर माथि प्रस्तुत हाइकु शैलीको यो सानो कवितामा हामीले बाँचिरहेको वर्तमान सर्वाङ्ग नाङ्गिएको छ । हेन्स क्रिस्चियन एण्डरसन्को 'बादशाहको नयाँ पोशाक' मा जस्तै निश्छल बालक लाग्छन् विक्रम आफ्ना कविताहरुमा । उनको यो बालसुलभ स्वच्छ कविहृदयलाई बुझ्न यस सँग्रहभित्रका केही कवितांशलाई टिपेर हेरौं:

"एउटा चोरबाटो यहीँबाट जान्छ
र सिंहदरबारभित्र पस्छ
र अजङ्गको ढोका बन्द हुन्छ
र अग्लो पर्खालभित्रबाट
गाउँ-घर झुपडीहरु देखिन छोड्छ
कठै मेरा गाउँहरु..."
(बाटो, पृ. १४)

"धूर्तताको बाइबल पढिरहेछ पादरी
मौलवी जल्लादहरुसँगै कुरान पढिरहेछ
सुनको धम्मपद पढिरहेछ लामा
ब्राह्मण पढिरहेछ षडयन्त्रको गीता
म छु एउटा विक्रम एकान्त कुनामा
तिम्रो प्रेमपत्र पढिरहेछु ।"
(प्रेमपत्र, पृ २४)

"मसँग एकमुठी चोखो मुस्कान छ
जो मेरो ओठमा बेलायक देखिन्छ
बिक्ला कि ? कतै बजारमा लैजाऊ बेच
र सपनासँग मिल्दो रङ्गको एउटा पछ्यौरा किन"
(दाइजो कविता, पृ. २५)

"म त गोली लागेको छाती सिलाउँदै बसेकोछु
यो अस्पतालमा तिमी नौलौ सम्चारझैं आएकाछौ, भन...
यो देश बर्बाद हुन अब के नै बाँकी छ ?
र यो देशकै अर्थी बोकेर हिँड्न पऱ्यो भने
त्यो विजयको मलामी होला कि पराजयको जन्ती? "
(प्रश्नहरु, पृ २७)

"इतिहासका हरेक जिकिर सुनेपछि
युगौंदेखि मान्छे जुधाएर
रगतको खोला बगाएको अपराधमा
फेरि कतै पुनरावेदन नलाग्ने गरी
मुद्दा चल्दा-चल्दै मरिसके पनि
कविताको प्रचलित कानून मुताबिक
भगवानको लासलाई आज म फाँसीको फैसला सुनाउँछु !"
(फाँसीको फैसला, पृ. ३२)

“आकाश उही छ
घाम, जून र बतास उही छ
जिन्दगी उस्तैछ
देशवासीले रेखदेख नगरेको सिरिफ दरबार भत्किरहेछ
नजिकै यमुना नदी युगौंदेखि बगिरहेछ !”

(दरबार भत्किरहेछ, पृ. ३३)

“मान्छे त केवल
घृणा र मायाको चौकिदार त रहेछ
कहिले मायाको भकारी लुटाउँछ र रुन्छ
कहिले घृणाको ढुकुटी फुटाउँछ र हाँस्छ”

(मालसिरी, पृ. ३४)

एक लहर गीतः

“विश्वासको खोपी खेल्दा झेला गर्ने धेरै
हृदयको माना पाथी बिष भर्ने धेरै
दिनेले त धोका दियो धेरै दुख्ने घाउ
बुझ्नै मुस्किल दुनियाँका हजार च्याँखे दाउ”

(कस्तो पूजा लाइयो ?, पृ. ४५)

माथि प्रस्तुत कविताका इन्द्रेणी रङ्गहरुबाट स्पष्ट छ, विक्रम अत्यन्त सरल र गम्भीर व्यंग्यचेत भएका विद्रोही कवि हुन् । उनको कविता पढ्दा कवि र पाठकबीचको सम्बन्धसेतु जोड्न कुनै तत्वको आवश्यकता पर्दैन । दिनको घाम झैँ स्पस्ट छ उनको कवितासिर्जनको उद्देश्य । समाजबाट टिपिएका उनका कविताहरु समाजको समस्याबाट पृथक छैनन्, समाजमै समर्पित छन् । उनका कविताको केन्द्रीय भाव बुझ्न कुनै साहित्यिक सिद्धान्त वा भाष्यको आवश्यकता पर्दैन । सोझै चिरपरिचित बिम्ब प्रतीकका माध्यमबाट झ्वाम्मै संप्रेषित हुन्छन् विक्रमका कविताहरु ।

●

प्रगतिशील साहित्यिक फाँटमा कुनै बेला विक्रम सुब्बाका कविता र गीतहरु  प्रिय थिए । त्यसो त अहिले पनि छन् । तर त्यो प्रिय अतीत आज स्वयं कविका लागि त्यसरी नै प्रिय हुन सकेको छैन ।

प्रकाशनमा आए पनि नआए पनि, प्रशंसा पाए पनि नपाए पनि, जीवनयापनका क्रममा विभिन्न पेशाहरु अँगाल्दै यात्राका विविध घुम्ती र उकाली-ओरालीहरु हिँडदा पनि कविताको मातले उनलाई निरन्तर छोइ नै रह्यो । विक्रमले कवितामा जीवन खोजिरहे र जीवनमा कविता रोजिरहे । यसैकारण मौलिक अभिव्यक्ति र वैचारिक मूल्यका दृष्टिले कलात्मक रुपमै ओजस्वी छन् विक्रम । उनका विचारहरु रुढाग्रहबाट मुक्त छन् । छताछुल्ल भएर पोखिन खोज्ने उनको कवि संवेदना कुनै प्रभुको निर्देशनले बिटुल्याउन सक्तैन । मानिसको अर्थपूर्ण उपस्थितिसहितको सुन्दर प्रकृतिलाई विक्रम प्राणजत्तिकै माया गर्छन् । उनको कवितासत्ताको शक्ति यसैमा अन्तर्निहित छ ।

विक्रम सुब्बालाई २०३५ सालतिर विराटनगरको मजदूर वस्तीमा भेट्न सकिन्थ्यो । युवा जोश थियो त्यतिखेर । सपनाको मृदु गीत थियो र थिए समाज परिवर्तनका लागि सक्रिय हातहरु । जिन्दगीको एउटा निर्दिष्ट लक्ष्य थियो, दर्शन र विचार थिए र सोही अनुसारको कार्य थियो । त्यसो त बदलिदो धरातलीय परिवेशमा अहिले पनि विक्रममा उही जोश र जाँगर छ ।

समयको एउटा अन्तरालपछि ‘विक्रम सुब्बाका कविता र गीतहरु २०६०’ को प्रकाशनको पूर्वबेलामा यी हरफहरु लेख्न बस्ता मभित्र शीतल तरङ्ग चलिरहेको छ । कहाँबाट सुरु गरौं, कहाँ पुगेर अन्त गरौं ! यस अवसरमा भन्नुपर्ने धेरै कुरा छन् तर प्रसङ्गबाहिर

गएजस्तो आभास मिल्ने हुँदा केही कुराहरु लेखेर नलेखिएको मौनतालाई तोड्ने मन छैन । चाहना छ - त्यही विशेष मौनता सर्वाधिक बलवती भएर सम्बन्धित भावकसम्म सम्प्रेषित होस् । हुन त सच्चाइको छाप स्पष्टसँग यसभित्रका कविताहरुमा बसेका छन्, जुनसुकै संवेदनशील मनहरुले तिनलाई सस्नेह स्पर्श गरेर हेरे हुन्छ; फरक पर्दैन ।

विक्रम सुब्बाका कविताले टेक्तै हिँडेका पाइतालाका डोबहरुलाई पछ्याउँदै जाँदा स्मृतिपटलमा सयकडौं अविस्मरणीय चित्रहरु सल्बलाउन थाल्छन् । तिनका बारेमा वर्णन गर्नु पर्ने सन्दर्भ पनि छैन तथापि यतिखेर सम्झनाबाट अलग गर्नै नसकिने केही अर्थपूर्ण बिम्बहरु नाचिरहेछन् - बूढो धरहरा साक्षीभावले उभिएकै छ अझै, विराटनगरको मजदूर वस्तीको कथा-व्यथा मेटिन सकेको छैन अझै, गृष्मका रातहरुमा रात्रीबसको छतमा जुनको किरणले नुहाउँदै बगेको बनेली नदीले बल्झाएको गहिरो घाउ बिसेक त हुँदो रहेछ तर हरायो भन्नु भ्रम मात्रै । खाटा बनेर बसेको छ । विक्रम ठिकै भन्छन् - मायाको रुमालमा मतलबको फूल भरियो । यही मतलबी दुनियाँलाई कविताको तरबार सहलाउँदै परिभाषित भइसकेको जीवनलाई पूनर्मूल्याङ्कन गर्नु पर्ने भयो । हो, आफ्नै परिवेश र अनुभवको कसीमा बेरुजु भएको जिन्दगीको हिसाब-किताब फस्यौंट गर्ने सिलसिलामा विक्रम र कविताबीच पनि झण्डै पारपाचुके भइसकेको थियो तर त्यो सम्भव भएन । कविताको मातले एकपटक छोइसकेपछि उम्किन कहाँ सकिँदो रहेछ र ! कोरा कागजको पानामा शब्द कोर्नु मात्रै पनि कविता होइन रहेछ । स्रोतामाझ आफैलाई हराउँदै अभिनय र वास्तविकताको मझधारमा उभ्याउनु मात्रै पनि कहाँ रहेछ र कविकर्म ! कविहरुमा कविता त्यसबेला पनि बाँचिरहेकै हुन्छ जुनबेला पूर्ण मौनता हुन्छ । जीवन भोगाइका क्रममा अन्य यावत् अनुभूतिहरुसँगै तत्क्षण दृश्यमान प्रकृतिको अनुहारसँग आत्मीय भावले साक्षात्कार गर्दै मौनताको भाषामा कवि मन खोलेर बोलिरहेकै हुन्छ ।

जिन्दगी पलपल घट्तै गइरहेको छ र एकदिन चुपचाप सुटुक्क निभ्ने छ यो जीवनदीप । सत्य कति स्पष्ट र सरल छ ! थाहा लिएर यो सत्यानुभूति जब मानिस सूर्योदय, सूर्यास्त, घामपानी र वर्षाको ऋतुचक्रमा परिवर्तन हुँदै गएका दृश्यहरुमा तटस्थ दृष्टि फाल्छ र आफ्नो वरिपरिको सिर्जनावागमा फूलसरि मगमगाउन थाल्छ - जन्मिन्छन् मौनताका सुन्दर कविताहरु, आस्थाका मृदु गीतहरु ! जुनबेला कविताको संसारबाट बेखबर भएका थिए विक्रम, ठीक त्यही बेला कविताको यथार्थ लोकमा कविताजस्तै जीवन बाँचिरहेका थिए उनी । घाम डुबी तारा नउदाएको आकाशमुनि क्षणभर नउभिएको भए सायदै विक्रम यसरी अहिले देखा पर्ने थिए, न त उनको वैयक्तिक अनुभूतिको यसरी निर्वैयक्तिकरण हुन सक्थ्यो । तर त्यसबेला पनि उनी कवि नै थिए । एउटा इमानदार कवि लेखेको बेला पनि र नलेखेको बेला पनि सिर्जनारत हुन्छ, प्रत्येक पल उसमा विषयहरुले गर्भधारण गरिरहेका हुन्छन् । मृत्युलाई सस्नेह माया गरेर अरुको हृदयमा फुल्न खोज्ने मानिस आखिर कवि नभएर अरु के हुन सक्छ !

विक्रमका कवितामा व्यक्त भावलाई व्याख्या गरुँ - मन मानिरहेको छैन । शब्द, बिम्ब, प्रतीक र अर्थमा ती आफै सुन्दर छन्, सुललित छन्, सुकोमल भएर पनि अग्निराप झैं ताता छन् । बोधशक्तिका विविध आयामहरुमा सहजै प्रतिबिम्बित छन् परिवेशजन्य स्पष्ट आकारहरुमा । शब्दरुपी चित्रको यो क्यानभासमा एउटा कोलाज रङ्ग स्पष्ट तरङ्गित छ - मानवीय संवेदनाको, व्यथा र पीडाहरुको जहाँ रोइरहेको छ यो देश, जहाँ भासिँदै गएका छन् यहाँका अग्ला अग्ला हिमालहरु, जहाँ विरहले सुसाइरहेछन् कोशी र कर्णालीहरु, जहाँ अशिक्षाले मात्र होइन शिक्षाले पनि विखण्डित भएर निभिरहेछन्

राष्ट्रिय चेतनाका ज्योतिहरु । यहाँको समाज, यहाँको राजनीति, यहाँको तथाकथित प्रजातन्त्रबाट आम नेपालीहरुको पसिना र रगतको हदैसम्मको उपहास भइरहेको छ । देश र देशवासीलाई आफ्नो मुटुजस्तै माया गर्ने सिर्जनशील हातहरु उपेक्षित छन् जहाँ, जहाँको राजनीतिक दर्शनको गन्तव्य सत्तालोलुपतामा गएर टुंगिन्छ वा क्षतविक्षत हुन्छ, त्यहाँ अर्थात यो हाम्रो मतृभूमिको आकाशधर्तीमा नेपाली हुनुको पीडाबोध साँच्चै दर्दनाक भएर टाँगिएको छ । कवि विक्रम यही तीतो यथार्थताले पिरोलिएकाछन् र आफ्ना शब्दशक्ति मार्फत ती बेथितिहरुमाथि तीब्र व्यंग्य प्रहार गर्छन् । उनको व्यंग्यमा आँसु मिसिएको छ र आँसुको मुहानमा विद्रोहका ज्वारहरु उर्लिएका छन् र ती विद्रोहहरु मुलुकको समग्र धरातलीय यथार्थमा सकारात्मक परिवर्तनको चाह राख्तै उठेका छन् । यथास्थितिले पालिरहेको तमाम विकृति, विसंगति र गतिहीनताका विरुद्ध आक्रोशका आगाहरु फुलेकाछन् उनका कविताहरुमा । तिनै आगाका रापिला रङ्गीन फूलहरुबाट आलोचनात्मक दृष्टिमार्फत् मानवमनको संवेदनशील गहिराइलाई हार्दिकताका साथ कलात्मक स्पर्श गरिएको छ । संवेदनाशून्य थितिलाई जरैदेखि उखेलेर फ्याँक्ने अठोटका साथ वर्तमान सन्दर्भलाई नलुकाई सरलता, सहजता र सरसतासहित जीवन्त बिम्ब, प्रतीकको नयाँ बान्कीले विरोध र निर्माणको पृष्ठभूमिमा एउटा अर्थपूर्ण चित्र कोरिएको छ उनका कवितामा । आउनुहोस्, तपाइँ हामी सबै कवि विक्रम सुब्बाको कविताचित्ररुपी क्यानभास अगाडि उभिएर आफ्नो सतर्क नजरलाई अड्याउँ र सिर्जनात्मक सोचका साथ कविताजस्तै मृदु यो जिन्दगीलाई कम्तीमा आफ्नै हातले धोका नदिने अठोट गरौँ ।

●

विक्रम सुब्बाका अनुभूति उद्गारमा रहस्यवादिता र प्रतीक-बिम्बको कुनै अमूर्त सञ्जाल छैन । ती भावपूर्ण, सरल र यथार्थ छन् । कविताको विषयवस्तु सजिलैसँग मानसमा प्रतिबिम्बित हुन्छ । भ्रष्टाचार, अन्याय, अत्याचार, नैतिक स्खलन र युद्धग्रस्त देशको दुखद सन्दर्भमा यी कविताहरुले दृढ एवं साहशी अभिव्यक्तिशैलीलाई अँगालेका छन् ।

विरोधाभाषपूर्ण बिम्ब संयोजन र परिस्थितिगत मनोदशाको द्वन्द्वबाट उनी जीवनगत बिब्ल्याँटाहरुमा तीव्र प्रहार गर्दै जीवनदायी क्रियाशीलताका लागि जोडदार आह्वान गर्छन् । साधारण प्रतीक र बिम्बबिधानका माध्यमबाट व्यक्त उनको भाषिक शिल्प वास्तवमै प्रभावकारी ढङ्गले उच्चकोटिको छ । समकालीन नेपाली जीवन र काव्यिककलाका क्षेत्रमा विक्रम सुब्बाका कविताहरु टडकारो छाप छोड्न सफल छन् । कविताको लयगत संरचनामा पनि उनी निपूर्ण छन् । विशिष्ट काव्यिक उचाइ उनलाई सहजै प्रप्त छ । केही प्रेम कविताबाहेक अन्य कविताहरुमा जुन तहको अग्निराप बलेको छ त्यसमा छायावादी भावुकताको किञ्चित अंश पनि बाकी नै छ । शायद यसैकारण मन्दसंगीत बजिरहेको आभास मिल्छ उनको काव्य-गुञ्जनमा । त्यसैले होला असंगत जीवन र त्यसले बाँचेको अन्यौलग्रस्त परिवेशमा विक्रमको उपस्थिति नितान्त मौलिक र ओजपूर्ण लाग्छ ।

उनी एकैसाथ गद्यकवि, छन्दकार, गीतकार र व्यंग्यकार देखिएका छन् । उनको शैलीमा एउटा छुट्टै मिठास छ तर पनि विचारको स्थान त्यतिकै प्रबल छ । अनुप्राससँगै भावको सघनताले कविताको व्यंग्य-विनोदमा बल पुगेको छ । बिविध रङ्गका सम्प्रदायको बिषबाट टाढै बसेर उनी कविता लेख्छन् । उत्पीडन र अन्यायको विरोध गर्दा उनी भयग्रस्त मानसिकताले थिचिएका छैनन् । उनको विद्रोहमा रहेको दृढ अडानभित्र पनि करुणाको सागर उर्लिरहेको पाइन्छ जुन सबै खालका विद्रोही कविहरुमा सम्भव हुँदैन ।

काव्यव्यक्तित्वसँगै विक्रम सुब्बाको एउटा मिलनसार र विनोदप्रिय आकर्षक व्यक्तित्व पनि छ । उनी कुशल शब्दशिल्पीका साथै उत्कृष्ट कवितावाचक पनि हुन् । कवितावाचनको बेला यस्तो लाग्छ - विक्रम नाट्यमञ्चमा अभिनेता बनेर उभिएका छन् । कविताका हरफहरुसँगै भावमय मुद्रामा सशरीर गतिमान विक्रम स्रोताहरुका लागि कविता श्रव्य मात्र नभएर दृश्यमान बन्न पुग्छ र समष्टिमा एउटा छुट्टै प्रभावशाली संप्रेषणको प्राप्ति हुन्छ ।

घोर निस्सारता र अँध्यारा गल्लीबाट निस्किदै यथार्थ जगतको मूल यथार्थसम्म पुग्न सक्षम उनका कविताहरुले जीवनबोधको गहिराइलाई छोएका छन् । कतै कुनै भ्रम छाडिएको छैन । उनका कविता संघर्ष, पलायन र विद्रोहको त्रिवेणी हुँदै मानसलोक समेतको सुपरीवेक्षण पश्चातको दस्तावेज हुन् जुन आस्थाको नाममा भ्रमको खेती गर्नेले उमारेको अँध्यारोविरुद्ध जुझ्न समेत कटिबद्ध छन् । यसप्रकार अनुभूतिको इमानदारिता, चिन्तनको व्यवस्थित स्वरुप तथा शिल्पगत सौन्दर्यले विक्रमका कविताहरु मृदु र प्रिय लाग्छन् । उनले बिम्ब र प्रतीकको नाममा कविताका अन्तरध्वनिलाई ध्वंश हुन दिएनन्, प्रयोगको नाममा चमत्कारी, रहस्यमयी र विक्षिप्त प्रलाप छाडेनन् । यो उनको एउटा महत्वपूर्ण काव्यिक विशेषता हो । उनले प्रायजसो प्रत्येक कविताको ध्वनि सौन्दर्यमा प्रशस्त ध्यान दिएका छन् । त्यसैले कवितावाचनको बेला कवि विशिष्ट साधकका रुपमा सहजै स्थापित हुन्छन् ।

यस कवितासंग्रहभित्र "बेइमान-इमान" शीर्षकमा एउटा लामो कविता पनि समावेश छ । यसलाई कविले `सूक्ष्मकाव्य' भनेका छन् । विक्रमका पूर्ववर्ती सबै कृतिहरुको सापेक्षतामा यो कविता लामो मात्र नभएर नौलो बान्कीमा प्रस्तुत छ । यसमा देशको दुर्दशाका कारकतत्वहरुको चरित्रगत विशेषतामाथि प्रकाश पार्दै बेइमान परिवेशभित्र इमानदारिताले भरिएका सिर्जनशील हातहरु कसरी बाँधिदै र छलिदै गएका छन् भन्ने वर्तमान युगजीवनको तीक्त यथार्थताको चित्र उतारिएको छ । सत् र असतबीचको विरोधाभाषपूर्ण द्वन्द्वमा देश र देशवासीहरुको अँध्यारो वर्तमान र अनिश्चित भविष्यलाई यहाँ मार्मिकरुपमा चित्रण गरिएको छ ।

एउटा संवेदनशील, सजग, विद्रोही र प्रखर कविको कवितासंग्रह लामो अन्तरालपछि प्रकाशित हुँदैछ । यसो भनौं, यो विक्रम सुब्बाको कवितायात्रा बिसौनिमा भञ्ज्याङको त्यो चौतारो हो जहाँबाट नवीन प्रष्टभावबोध, परिष्कृत शिल्पसज्जा, परिपक्व बिचार र नव स्फूर्तिको इन्धन भरेर आगामी दिनमा उनको कविता-उडानले अझ बढी उचाइ लिनेछ । अन्तमा हर्दिक शुभेच्छासहित विक्रम सुब्बाकै निम्न कावितांशबाट उनका कविता र गीतहरुको संसारमा प्रवेशका लागि आमन्त्रण दर्गछु-

> "अँध्यारोको हाँगा हाँगामा फुल्ने फूल रहेछ उज्यालो
> जतिसुकै अँध्यारोले तुरुङ्गमा हाले पनि
> दिमागमा दाखिल हुने थुँगा रहेछ उज्यालो "
>
> (वस्त्र कविता, पृ. ३०)

*२०६० असार*
*हाल: चिसापानी, बाँके*

डा. जङ्गब चौहान
एसोसिएट प्रोफेसर, काठमाडौं विश्वविद्यालय